# महालक्ष्मीनगरपालिका
## नगरकार्यपालिकाकोकार्यालय
## जितपुर, धनकुटा

१ नं. प्रदेश, नेपाल

संख्याः २०७६/७७
चलानी नः 2009

मितिः२०७६/१२/१८

विषयःकार्यान्वयन गर्ने सम्बन्धमा।

श्री वडा कार्यालय, सबै,
महालक्ष्मी नगरपालिका, धनकुटा।

प्रस्तुत विषयमा महालक्ष्मी नगरपालिका नगर कार्यपालकाको मिति २०७६/१२/१७ को बैठकले तपसिल बमोजिमका निर्णयहरु गरेको हुँदा उक्त निर्णयहरु कार्यान्वयन गर्नु गराउनुहुन निर्णय बमोजिम अनुरोध छ ।

तपसिलः

१. कोभिड - १९ को संक्रमणलाई नियन्त्रण गर्न सबै वडाहरुमा ६ देखि आठजना सम्मको क्वारेन्टाइन बेड बनाउन सार्वजनिक भवन तथा विद्यालयहरुलाई छनौट गर्ने।

२. यस नगरपालिका क्षेत्रभित्र बाहिरबाट ज्याला मजदुरी गर्न आएका श्रमिकहरुलाई आफ्नो घर जान इच्छा गरेमा सम्बन्धित श्रमिकहरुले आफै सवारी साधनको व्यवस्था गरी अनुरोध गरेमा जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी घर फर्कन सहजीकरण गर्ने।

३. यस नगरपालिका क्षेत्रभित्र कोभिड - १९ को संक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन नगरपालिकाका सबै जनप्रतिनिधिहरुको १ (एक) महिनाको सेवा सुविधा नगर विपद् व्यवस्थापन कोषमा जम्मा गर्न कार्यालयालाई निर्देशन दिने ।

४. यस नगरपालिका क्षेत्रभित्र सबै वडाहरुमा आफ्नो जग्गा जमिन नभएका अत्यन्त कम आय भएका, असहाय र अशक्तहरुका लागि मुलुकमा लागू भइरहेको लकडाउनको कारणले ज्याला मजदुरी गर्न नपाई बिहान बेलुकाको छाक टार्न कठिन भएका श्रमिक र व्यक्तिहरुलाई सबै वडाहरुले हालको लकडाउन अवधिभरको लागि देहाय बजोजिमको परिमाणमा राहत स्वरुप खाद्यान्न लगायतका देहाय बमोजिमका सामग्रीहरु उपलब्ध गराउने।

क. चार जनासम्म सदस्य संख्या भएको परिवारलाई
चामल २०(बीस) के.जि., खानेतेल आधा लिटर, नुन १(एक) के.जि. दाल १ (एक)के.जि. र हातधुने साबुन १(एक) थान

ख. चारजना भन्दा बढी सदस्य संख्या भएको परिवारलाई
प्रतिव्यक्ति २.५(साढेदुई) के.जि. चामल थप, खानेतेल १ (एक) लि., नुन १ के.जि., दाल १ (एक) के.जि. र हातधुने साबुन २ (दुई) थान

राहत वितरण कार्य तथा वडामा अतिआवश्यकीय दैनिक उपभोग्य वस्तु आपूर्तिलाई सहज बनाउन गृह मन्त्रालयको मिति २०७६/१२/१६ को प्रेस विज्ञप्ती अनुसार वडास्तरमा सम्बन्धित वडाको वडाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने ।

संयोजक - सम्बन्धित वडाको वडाध्यक्ष
सदस्य - सम्बन्धित वडाबाट कार्यपालिकामा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य
सदस्य - सम्बन्धित वडा समितिका सबै सदस्यहरु
सदस्य - सम्बन्धित वडामा क्रियाशील राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरु
सदस्य - सम्बन्धित वडँको बुद्विजिवीहरुमध्ये वडाध्यक्षले मनोनित गरेको बढीमा तीन जना
सदस्य - सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि
सदस्य सचिव - सम्बन्धित वडाका वडा सचिव

प्रमुख प्रशासकीय अधिकृत

email address mahalaxmimunjitpur@gmail.com
Website: http://www.mahalaxmimundhankuta.gov.np
Phone No. 026-419000

# महालक्ष्मी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### जितपुर, धनकुटा
१ नं. प्रदेश, नेपाल

राहत वितरण कार्य आगामी मिति २०७६/१२/२१ गतेका दिन वितरण गर्न सम्बन्धित वडाले सामग्रीहरु व्यवस्था गरी सुरक्षाकर्मी र कर्मचारी परिचालन गरी वितरण गर्ने, सोको भरपाई देहाय बमोजिमको ढाचामा तयार गर्ने र भुक्तानीको लागि लकडाउन अवधि समाप्त भएपछि बिलभरपाई तथा अन्य आवश्यक कागजातसहित नगरपालिकामा पेश गर्ने।राहत प्रदान गर्नुपर्ने व्यक्तिको पहिचान र बुदा नं. ४. बमोजिमको समितिले बैठक बसी गर्ने।

| क्र.सं | राहत बुझिलिने व्यक्तिको नाम र ना.प्र.नं. | ठेगाना (टोल खुल्ने गरी) | मोबाइल नं. | राहत सामग्रीको विवरण | | | | | आश्रित परिवार संख्या | बुझिलिने व्यक्तिको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चामल | दाल | खानेतेल | नुन | साबुन | | |
| | | | | | | | | | | |

५. आगामी आ.व. २०७७/७८ का लागि नगरपालिकाका सबैवडाहरुमा वडास्तरीय गौरवका आयोजना/योजना सञ्चालन गर्न सम्बन्धित वडाले सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय सरकार र प्रदेश सरकारमा आवश्यक कागजात सहित पेश गर्नका लागि तयारी गर्ने र नगरपालिकामा पेश गर्ने।

६. कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि हाल सबै वडाहरुमा माक्स लगायतका सामग्रीहरु वितरण गरिरहेको अवस्थामा माक्स र अन्य सामग्रीहरुको लगत विवरण तयार गरी सबै वडा कार्यालयहरुले सार्वजनिक सुनुवाई गर्ने र सोको विवरण सहितको जानकारी नगरपालिकामा गराउने।

७. कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि सरकारले लागू गरेको लकडाउनको अवधिभर अतिआवश्यकीय दैनिक उपभोग्य वस्तु तथा सेवाको आपूर्तिलाई सहज बनाउन सबै वडाहरुमा रहेका पसलहरुलाई बिहान ६ बजेदेखि बिहान १० बजे सम्म पसलको एउटामात्र ढोका खुला गरी उपभोक्ताहरुलाई एकमिटरको दुरीमा लाइन लगाई बिक्री वितरणको प्रबन्ध गर्ने र सो समय हेरफेर गर्नुपर्ने भएमा बुदा नं. ४ . बमोजिमको समितिले आवश्यकता अनुसार गर्ने र सोको जानकारी सम्बन्धित उपभोक्ताहरु, स्थानीय प्रहरी चौकी र नगरपालिकामा गराउने।

८. मेयरटोल सुधार संस्थाको सक्रयतामा आफ्नो वडामा बाहिरबाट भित्रिएका व्यक्तिहरुको निगरानी गर्ने, कोही नयाँ भित्रिएका व्यक्तिहरुको जानकारी वडा कार्यालय, स्थानीय प्रहरी चौकी र नगरपालिकामा जानकारी गराउने र कोरोना भाइरस संक्रमण नियन्त्रित टोल घोषणा गर्ने र आफ्नो टोलमा पर्ने नाका पूर्णरुपमा बन्द गर्ने, कोरोना भाइरसको लक्षण देखिएमा सम्बन्धित स्वास्थ्य संस्था, प्रहरी चौकी र नगरपालिकामा जानकारी गराउने।

.............................
(सूर्यप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

email address mahalaxmimunjitpur@gmail.com
Website: http://www.mahalaxmimundhankuta.gov.np
Phone No. 026-419000
सक्षम निजामती शासनः विकास, समृद्धि र सुशासन